जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ॥-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com

बर्ष १३ • अंक ३२० • २०८३ भदौ २३ गते मंगलवार • 8 Sep. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

# रसुवा बाढीपीडितका लागि नगराईन-३ बाट राहत सामग्री पठाइयो



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २२ भदौ

रसुवामा आएको बाढी तथा प्राकृतिक विपद्‌बाट प्रभावित नागरिकका लागि राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नगराईन नगरपालिका-३ रामबाग वडा कार्यसमितिले राहत सामग्री संकलन गरी रसुवातर्फ पठाएको छ । विपद्‌को समयमा पीडित नागरिकलाई साथ दिने उद्देश्यले वडा कार्यसमितिको पहलमा लत्ताकपडा, अन्न-अनाज, औषधि तथा दैनिक जीवनमा आवश्यक पर्ने विभिन्न सामग्री संकलन गरिएको थियो । संकलित राहत सामग्री बाढीपीडितसम्म पुऱ्याउने गरी पठाइएको वडा कार्यसमितिले जनाएको छ ।

राहत सामग्री संकलन तथा व्यवस्थापनमा विश्वनाथ साहले सहयोग तथा सहजीकरण गरेका थिए। स्थानीय स्तरबाट संकलित सामग्रीलाई व्यवस्थित गरी पीडितसम्म पुऱ्याउने कार्यमा वडा कार्यसमितिका पदाधिकारी तथा सदस्यहरूले सक्रिय भूमिका निर्वाह गरेका थिए ।

राहत सामग्री हस्तान्तरण तथा पठाउने क्रममा वडा सभापति शत्रुधन मण्डलले विपद्‌को समयमा पीडितको दुःखमा साथ दिनु सबैको मानवीय दायित्व भएको बताए । उनले राहत तथा सहयोगलाई राजनीतिक सीमाभन्दा माथि उठेर मानव सेवाका रूपमा लिनुपर्नेमा जोड दिँदै विपद्मा परेका नागरिकलाई तत्काल आवश्यक पर्ने सामग्री उपलब्ध गराउनु नै वास्तविक सामाजिक उत्तरदायित्व भएको उल्लेख गरे ।

उनले भने, "विपद् जुनसुकै ठाउँमा आओस्, पीडित नेपाली नागरिकको दुःखमा हामी सबैले आफ्नो क्षमताअनुसार साथ दिनुपर्छ। मानव सेवा नै सबैभन्दा ठूलो सेवा भएकाले आगामी दिनमा पनि आवश्यकताअनुसार सहयोगलाई निरन्तरता दिनेछौँ ।" त्यस्तै, वडा उपसभापति दिलीप कुमार साहले विपद्‌का बेला सानो सहयोगले पनि पीडित परिवारका लागि ठूलो अर्थ राख्ने बताए ।

उनले राहत सामग्री संकलनमा सहयोग गर्ने सबैप्रति धन्यवाद व्यक्त गर्दै समाजमा मानवीय भावना र सहयोगको संस्कारलाई अझ बलियो बनाउनुपर्नेमा जोड दिए । उनले भने, "हामीले पठाएको सहयोग केवल सामग्री मात्र होइन, विपद्मा रहेका दाजुभाइ तथा दिदीबहिनीप्रति हाम्रो आत्मीयता र मानवीय संवेदनाको प्रतीक हो। कठिन परिस्थितिमा एकअर्काको दुःखमा साथ दिन सक्नु नै समाजको वास्तविक शक्ति हो ।"

रास्वपा नगराईन नगरपालिका-३ वडा कार्यसमितिको आयोजनामा भएको कार्यक्रममा वडा सभापति शत्रुधन मण्डल, उपसभापति दिलीप कुमार साह, सचिव ओम कुमार साह, सह-सचिव अवधेश कुमार साह, महिला सदस्यहरू सुमिता देवी साह र मानकी देवी मण्डल तथा आमन्त्रित नगर सचिव रत्नेश्वर लाल कर्णलगायतको सहभागिता रहेको थियो । वडा कार्यसमितिले विपद्, असहायता तथा कठिन परिस्थितिमा परेका नागरिकलाई सहयोग गर्नु राजनीतिक गतिविधिभन्दा माथिको मानवीय जिम्मेवारी भएको जनाएको छ। राहत सामग्री संकलन तथा सहयोग अभियानले स्थानीय समुदायमा पनि 'मानव सेवामा सबैको सहभागिता' भन्ने भावना विकास गर्न महत्वपूर्ण योगदान पुऱ्याएको सहभागीहरूले बताएका छन् ।




# भोटेकोशी बाढीपीडितको घाउमा जनकपुरधामका सुनचाँदी व्यवसायीको मल्हम

दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २२ भदौ

रसुवाको भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढी र प्राकृतिक विपद्‌बाट प्रभावित नागरिकको पीडामा जनकपुरधामका सुनचाँदी व्यवसायीले मानवीय सहयोगको हात बढाएका छन् ।

जनकपुरधाम सुनचाँदी व्यवसायी संघले सोमबार जनकपुरधाममा कार्यक्रम आयोजना गरी बाढीपीडितका लागि ३ लाख १ हजार रुपैयाँ नगदसहित २०१ थान ट्र्याकसुट र ५१ थान प्रेसर कुकर राहतस्वरूप उपलब्ध गराएको हो ।

संघका अध्यक्ष राजीव कुमार साह 'चन्दन'का अनुसार व्यवसायीहरूबाट संकलित ३ लाख १ हजार रुपैयाँ नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ मधेस प्रदेशका अध्यक्ष पवन कुमार ठाकुरलाई हस्तान्तरण गरिएको छ। त्यस्तै, २०१ थान ट्र्याकसुट जनकपुरधाम उद्योग वाणिज्य संघमार्फत र ५१ थान प्रेसर कुकर सहजीकरण अभियानका संयोजक अम्बुप्रसाद साहमार्फत प्रभावित क्षेत्रमा पठाउने व्यवस्था गरिएको छ ।



राहत हस्तान्तरण गर्दै अध्यक्ष साहले बाढी तथा प्राकृतिक विपद्‌का कारण व्यवसायी समुदाय स्वयं पनि प्रभावित भई व्यवसायिक गतिविधि प्रभावित भएको अवस्थामा समेत पीडित नागरिकको दुःखमा साथ दिन आफ्नो क्षमताअनुसार सहयोग जुटाइएको बताए ।

उनले विपद्‌का बेला पीडित नागरिकको साथमा उभिनु निजी क्षेत्र तथा व्यवसायी समुदायको सामाजिक दायित्व भएको उल्लेख गर्दै मानवीय सेवाका कार्यमा सबै पक्षबीच सहकार्य र एकता आवश्यक रहेको बताए ।

अध्यक्ष साहले तत्कालीन राहतसँगै प्रभावित क्षेत्रमा पुनःस्थापना र पुनर्निर्माण पनि उत्तिकै महत्वपूर्ण रहेको भन्दै आगामी दिनमा आवश्यकता र परिस्थितिअनुसार त्यसका लागि समेत संघले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरे ।

भोटेकोशी तथा त्रिशूली नदीमा आएको बाढीबाट ठूलो जनधनको क्षति भएको अवस्थामा प्रभावित परिवारलाई सहयोग गर्नु मानवीय दायित्व भएको संघले जनाएको छ। संघले आगामी दिनमा पनि राहत, पुनःस्थापना तथा अन्य मानवीय सेवाका कार्यक्रमलाई निरन्तरता दिने जनाएको छ ।

राहत हस्तान्तरण कार्यक्रममा नेपाल सुनचाँदी रत्न तथा आभूषण महासंघ मधेस प्रदेशका अध्यक्ष पवन कुमार ठाकुर, महासचिव मनिस रमन साह, जनकपुरधाम उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष जितेन्द्र महासेठ, अध्यक्ष सुरेन्द्र भण्डारी, वरिष्ठ उपाध्यक्ष मनोज साह, उपाध्यक्ष लक्ष्मण साह तथा श्री महावीर युवा कमिटीका अध्यक्ष अजय कुमार गुप्ता लगायतको उपस्थिति थियो ।

जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ
समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१
सबै क्षेत्रको प्रबर्द्धनको गुरु
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



## सम्पादकीय……………….

# पुनर्निर्माणको सीमित भौगोलिक मुद्दा

रसुवाको भोटेकोशीमा यसपटक जसरी विनाशकारी बाढी उर्लिएर आयो, त्यसले केवल हाम्रा भौतिक संर चना र माटोमात्र बगाएको छैन, यसले सिंगो नेपाललाई एउटा यस्तो निठुर र गम्भीर प्रश्नको कठघरामा ल्याएर उभ्याइदिएका छन- जसबाट अब हामी आँखा चिम्लिएर वा मौन रहेर भाग्न सक्दैनौं । त्यसैले यो केवल एउटा नदीमा आएको बाढीको मात्रप्रश्न नभई यो विपद्पछिको उद्धार र राहतका लागि गरिने निरीह याचनाको प्रश्न पनि होइन । न त यो केवल रसुवाको पुनर्निर्माणको सीमित भौगोलिक मुद्दा नै हो । यो त विश्वमञ्चमा उठ्नैपर्ने एउटा ज्वलन्त प्रश्न हो- विश्वव्यापी जलवायु संकट सिर्जना गर्न अत्यन्तै न्यून (लगभग शून्य) योगदान गरेको नेपालले, अरूको गल्तीबाट निम्तिएको अकल्पनीय विनाशको मूल्य आखिर कहिलेसम्म आफ्नै थाप्लोमा बोकिरहने ? भोटेकोशीको विपत्तिले जनधनसँगै हाम्रा सडक, पुल, ऊर्जा आयोजना, व्यापारिक मार्ग र सीमान्तकृत बस्तीहरूमा यति ठूलो क्षति पुऱ्याएका छन कि त्यसको घाउ पुर्न दशकौं लाग्न सक्छन । पछिल्ला प्रारम्भिक अनुमानहरूले देखाए अनुसार यसको पुनर्निर्माणको लागत मात्रै ४ देखि ५ अर्ब अमेरिकी डलर पुग्न सक्ने देखिएका छन । तर, मेरो विचारमा नेपाल अब केवल ४-५ अर्ब डलरको पुनर्निर्माणको सामान्य हिसाबकिताब र भिख मागेर रोकिनु हुँदैन । हामीले विश्वसामु आँखा जुधाएर, शिर ठाडो पारेर कम्तीमा २० अर्ब अमेरिकी डलरको 'जलवायु न्याय तथा उत्थानशीलता वित्तीय दाबी' सानका साथ अघि सार्नुपर्ने देखिन्छ ।

# युवा नेता देवकृष्ण मण्डल राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) मा प्रवेश

**जलेश्वरटुडे समाचारदाता**
**धनुषा, २२ भदौ**

नेकपा एमालेको साधारण सदस्यसमेतबाट राजीनामा दिएका पूर्व प्रदेश कमिटी सदस्य तथा युवा नेता देवकृष्ण मण्डल राष्ट्रिय स्वतन्त्र पार्टी ( रास्वपा) मा प्रवेश गरेका छन् । सोमबार जनकपुरधाममा आयोजित एक कार्यक्रमबीच मण्डललाई रास्वपा मधेश प्रदेशका च्व्ट विभाग प्रमुख अम्भु प्रसाद साहले गम्छा लगाएर पार्टीमा स्वागत गरेका हुन् ।



कार्यक्रममा धनुषा-२ का प्रतिनिधिसभा सदस्य रामविनोद यादवको समेत विशेष उपस्थिति रहेको थियो । मण्डललाई पार्टीमा प्रवेश गराउन हंसपुरका युवा नेताहरू मनोजकुमार यादव, रामभजन यादव र ललित यादवले विशेष पहल गरेको बताइएको छ। पार्टी प्रवेश कार्यक्रममा रास्वपा हंसपुरका युवा नेता मनोजकुमार यादव, रामभजन यादव, ललित यादवलगायतको सहभागिता थियो । एमालेमा रहँदा प्रदेश कमिटी सदस्यको जिम्मेवारीसमेत सम्हालेका मण्डलले पछिल्लो समय एमालेको साधारण सदस्यबाट समेत राजीनामा दिएका थिए । रास्वपामा प्रवेश गरेसँगै उनले पार्टीको नीति, विचार र उद्देश्यअनुसार संगठन विस्तारमा सक्रिय भएर लाग्ने प्रतिबद्धता जनाएका छन् ।

उनले जनताको अपेक्षा र आवश्यकता केन्द्रमा राखेर राजनीतिक तथा सामाजिक गतिविधिमा सक्रिय रहने बताए । साथै, पार्टी संगठनलाई स्थानीय तहसम्म मजबुत बनाउन आफ्नो भूमिका प्रभावकारी बनाउने प्रतिबद्धता व्यक्त गरे । रास्वपा नेताहरूले मण्डलको प्रवेशले धनुषा-२ तथा हंसपुरमा पार्टीको संगठन विस्तारमा थप सहयोग पुग्ने दाबी गरेका छन् ।

# भोटेकोशी बाढी तथा विपत्तिमा अभिभावक गुमाएका १० छात्रको शिक्षाको जिम्मा राजकीय संस्कृत माविले लिने

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, २२ भदौ**

महोत्तरीको मटिहानीस्थित राजकीय संस्कृत माध्यमिक विद्यालयले रसुवाको भोटेकोशी बाढी तथा विपत्तिमा अभिभावक गुमाएका १० जना छात्रको कक्षा ८ देखि १२ सम्मको सम्पूर्ण शैक्षिक दायित्व लिने घोषणा गरेको छ ।

सरकारले रसुवा बाढी तथा प्राकृतिक विपत्तिमा ज्यान गुमाएकाहरूको सम्झनामा सोमबार आयोजना गरेको राष्ट्रिय शोक दिवसका अवसरमा विद्यालयले यस्तो घोषणा गरेको हो । विद्यालयका प्रधानाध्यापक ( गुरुकुलका गोठालो) ईश्वरी पौडेलले वक्तव्य जारी गर्दै विपत्तिका कारण धेरै बालबालिका अभिभावकविहीन भएको भन्दै उनीहरूको शिक्षा र भविष्य सुनिश्चित गर्नु सामूहिक मानवीय दायित्व भएको बताए ।




विद्यालयले अभिभावक गुमाएका १० जना छात्रलाई विद्यालयमा भर्ना गरी कक्षा ८ देखि १२ सम्मको शिक्षा, आवश्यक शैक्षिक सामग्रीलगायत सम्पूर्ण शैक्षिक दायित्व ग्रहण गर्ने जनाएको छ । विद्यालयले विद्यार्थीलाई शिक्षा प्रदान गर्ने मात्र नभई उनीहरूको भविष्य निर्माणमा अभिभावकीय भूमिका र आत्मीयता प्रदान गर्ने प्रयास गरिने जनाएको छ । प्रधानाध्यापक पौडेलले विपत्तिबाट प्रभावित बालबालिका भविष्यमा देशका सक्षम नागरिक बन्न सक्ने भएकाले उनीहरूको हातमा कलम र आँखामा भविष्यको सपना जगाउनु आवश्यक रहेको बताए । उनले विपत्तिको समयमा सबैले आफ्नो क्षमता र सामर्थ्यअनुसार प्रभावित बालबालिकाको भविष्य निर्माणमा सहयोग गर्नुपर्नेमा जोड दिँदै यस अभियानमा सहकार्यका लागि सबैलाई आह्वान गरेका छन् । मटिहानी नगरपालिका-७ मा रहेको राजकीय संस्कृत माध्यमिक विद्यालय विसं १७५० मा सेन वंशको समयमा स्थापना भएको र नेपालकै पहिलो गुरुकुलका रूपमा परिचित विद्यालय हो ।



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिका कार्यालय**
**धनुषा, मधेश प्रदेश**


## तपाईको टुडे

मेष: मनमा पछुतो आउने
वृष: अनावश्यक चिन्ता
मिथून: पढाईमा ध्यान दिनुपर्ने
कर्कट: अनावश्यक खर्चको संभावना
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: पिछडेको साथी मिल्ने
तुला: मित्रतामा फाटो आउने
वृश्चिक: खानपानमा समस्या आउने
धनु: शुभ कार्यको शुरुवात
मकर: लामो यात्राको योग छ
कूम्भ: विचार गरेर बोल्नुहोला
मीन: आम्दानी हुने



## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम-४,धनुषा


## आवश्यक टेलिफोन नम्बरहरु

### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०५:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०६:३० बजे |
| राति ढोका बन्द हुने समय | : १२ बजे |

(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| विहान पुजा आरती | : ०७:३० बजे |
| विहान ढोका बन्द | :१२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | :०४:०० बजे |
| सन्ध्या पूजा आरती साँझ | :०७:३० बजे |

# ललित-दुर्गेशको नेतृत्वमा लायन्स क्लब जानकी र रोयल्सका नयाँ पदाधिकारीले लिए शपथ



दिपक श्रेष्ठ मण्डल
जनकपुरधाम, २२ भदौ

लायन्स क्लब अफ जनकपुरधाम जानकी र लायन्स क्लब अफ जनकपुरधाम रोयल्सका नवनिर्वाचित पदाधिकारीहरूले पद तथा गोपनीयताको शपथ ग्रहण गर्दै शनिबार जनकपुरधामस्थित होटल मिथिला ब्यान्क्वेटमा आयोजित समारोहबीच पदभार सम्हालेका छन् ।

लायन्स क्लब अफ जनकपुरधाम जानकीको वर्ष २०२६/०२७ का लागि ललितकुमार साहको अध्यक्षतामा नयाँ कार्यसमिति चयन भएको छ। नवनिर्वाचित अध्यक्ष साहसहितका पदाधिकारीले शपथ ग्रहण गरी कार्यभार सम्हालेका हुन्। क्लबको प्रथम उपाध्यक्षमा गौतम सर्राफ, द्वितीय उपाध्यक्षमा प्रदीपकुमार दास, सचिवमा रामकिशोर साह र कोषाध्यक्षमा सञ्जयकुमार साह चयन भएका छन्। त्यस्तै, एमसी चेयरपर्सनमा गौतम अग्रवाल, एलसीआईएफ संयोजकमा सन्तोषकुमार साह, टेमरमा नरेशकुमार साह र टेल ट्विस्टरमा रघुवीर अग्रवाल चयन भएका छन्। डाइरेक्टरमा अमरनाथ गुप्ता, वीरेन्द्र साह, रविकुमार साह र अरुणकुमार साह रहेका छन्। समारोहमा जीईटी एरिया लिडर शम्भु घिमिरे र डिस्ट्रिक्ट गभर्नर अजय प्रसाद खनालको सहभागिता थियो ।

यसैगरी, लायन्स क्लब अफ जनकपुरधाम रोयल्सको अध्यक्षमा दुर्गेशकुमार साहको नेतृत्वमा नयाँ कार्यसमिति चयन भएको छ। प्रथम उपाध्यक्षमा नवराज उपाध्याय, द्वितीय उपाध्यक्षमा निशान्त साह, सचिवमा रोशन साह र कोषाध्यक्षमा रोशन चौधरी चयन भएका छन् । रोयल्सको सर्भिस चेयरपर्सनमा सरोज चौधरी, मेम्बरसीपमा मनिका कुमारी साह, मार्केटिङमा रामसोगारथ साह, चेयरपर्सनमा बलरामकुमार साह र एलसीआईएफ संयोजकमा धीरज साह चयन भएका छन् । बोर्ड अफ डाइरेक्टरमा वसन्तकुमार साह, गोविन्दराज मण्डल, सन्तोषकुमार साह र ओमप्रकाश साह रहेका छन्। समारोहमा नयाँ कार्यसमितिको पदस्थापनसँगै लायन्स क्लब अफ जनकपुरधाम रोयल्सलाई आधिकारिक चार्टरसमेत प्रदान गरिएको थियो । कार्यक्रममा वक्ताहरूले लायन्स क्लबले सामाजिक तथा मानवीय सेवाको क्षेत्रमा पुऱ्याउँदै आएको योगदानको प्रशंसा गर्दै नयाँ नेतृत्वले सेवाका गतिविधिलाई थप प्रभावकारी बनाउने विश्वास व्यक्त गरे ।

शपथ ग्रहणपछि दुवै क्लबका नवनिर्वाचित पदाधिकारीहरूले सामाजिक तथा मानवीय सेवाका कार्यक्रमलाई प्राथमिकतामा राख्दै समुदायमा सेवाको पहुँच विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । समारोहमा नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, मनोज चौधरी,जानकी मन्दिरका उत्तराधिकारी महन्थ रामरोशन दास वैष्णवलगायतको उपस्थिति थियो ।

# सय करोड माथि उक्लियो 'मिर्जापुर: द मूभी'को विश्वव्यापी कलेक्सन

जलेश्वरटुडे समाचारदाता
काठमाण्डौं, २२ भदौ

मिर्जापुर वेब सिरिजमा आधारित फिल्मले बक्स अफिसमा शानदार प्रदर्शन गरिरहेको छ । ओटीटी प्लेटफर्महरूमा राज गरेको यस सिरिजमाथि मेकरहरूले 'मिर्जापुर: द मूभी' बनाएका थिए, जसले अहिले ठूलो पर्दामा पनि उत्साहजनक व्यापार गरिरहेको छ ।

भारतभर यसका धेरैजसो शोहरू 'हाउसफुल' भइरहेका छन् भने टिकट बुकिङ वेबसाइटहरूमा पनि फिल्मको उच्च क्रेज देखिएको छ । पंकज त्रिपाठी, अली फजल, दिव्येन्दु शर्मा, रवि किशन, जितेन्द्र कुमार र अभिषेक बनर्जी अभिनीत 'मिर्जापुर: द मूभी'ले बक्स अफिसमा बलियो ओपनिङ गर्न सफल भएको छ ।



पहिलो दिनमै २५ करोड ७५ लाख भारु कमाएर फिल्मले ओटीटीबाट सिल्भर स्क्रिनसम्मको आफ्नो यात्रा सफल हुने संकेत दिएको थियो । दर्शकहरूबाट सकारात्मक प्रतिक्रिया पाइरहेका कारण फिल्मको व्यापारमा थप टेवा पुगेको छ। शनिबार फिल्मको कलेक्शनमा ठूलो उछाल देखियो, जहाँ दोस्रो दिन मात्रै फिल्मले ३२ करोड भारुको नेट कलेक्शन गर्यो ।

कमाईको यो रफ्तार आइतबार पनि जारी रह्यो। तेस्रो दिन १२.५ प्रतिशतले बढेर फिल्मको कमाई ३६ करोड भारु पुग्यो। योसँगै तीन दिनमा फिल्मको कुल नेट कमाई ९३ करोड ७५ लाख भारु पुगेको छ। विश्वभरको कूल कमाई (ग्रस) भने १३२ करोड ३५ लाख भारु पुगिसकेको छ । आज सोमबार भारतमा मात्रै फिल्म १०० करोड क्लबमा प्रवेश गर्ने निश्चित देखिएको छ ।

'मिर्जापुर: द मूभी'को सफलताले ओटीटीको दुनियाँमा नयाँ आशा जगाएको छ । कुनै वेब शो हिट भएपछि त्यसैमा आधारित रहेर फिल्म बनाउने निर्माताहरूको यो प्रयोग निकै सफल सावित भएको छ ।

यसले भविष्यमा अन्य चर्चित वेब सिरिजहरू पनि फिल्मका रूपमा आउने सम्भावना बढाएको छ । गुरमीत सिंहद्वारा निर्देशित यस फिल्मलाई फरहान अख्तरले निर्माण गरेका हुन् ।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
लोहारपट्टी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
रामगोपालपुर नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
मटिहानी नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
बलवा नगरपालिका कार्यालय
महोत्तरी, मधेश प्रदेश

# प्रधानमन्त्री बालेन शाहलाई तेस्रो पत्र

-प्रधानमन्त्री बालेन शाह संयुक्त राष्ट्र सङ्घको ८१औँ महासभामा नेपालको प्रतिनिधित्व गर्दै हुनुहुन्छ । यस मञ्चमा उहाँले जलवायु परिवर्तनले नेपालमा पारेको असर, रसुवाको भोटेकोशी बाढीको क्षति र नेपालको सम्भावनाबारे बोल्नुहुनेछ । नेपालले सहयोग मात्र नभई जलवायु न्याय र कार्यान्वयन चाहेको सन्देश दिनुका साथै देशभित्र जोखिम न्यूनीकरणमा जोड दिनुपर्ने सुझाव दिइएको छ । प्रधानमन्त्री बालेन शाहज्यू, तपाईं संयुक्त राष्ट्र सङ्घको ८१औँ महासभामा भाग लिन जाँदै हुनुहुन्छ । यस्तो गरिमामय अन्तर्राष्ट्रिय मञ्चमा नेपालको प्रतिनिधिमण्डलको नेतृत्व गर्दै तपाईं न्यूयोर्क जाने खबरले हामी सबै नेपालीलाई हर्षित र उत्साहित बनाएको छ । यो भ्रमण केवल एउटा औपचारिक कूटनीतिक भ्रमण मात्र नभई विश्व समुदायसामु नेपाल र नेपालीको आवाज सुनाउने र नेपालको सम्भावना प्रस्तुत गर्ने महत्त्वपूर्ण अवसर हो । त्यसैले, यस पटकको तपाईंको सम्बोधनलाई हामी नेपालीले विशेष आशा र अपेक्षाका साथ हेरिरहेका छौँ ।

नेपालको प्रतिनिधिका रूपमा त्यस गरिमामय मञ्चमा तपाईंले हालै रसुवाको भोटेकोशी क्षेत्रमा आएको विनाशकारी बाढीले नेपालमा पुऱ्याएको मानवीय तथा भौतिक क्षति, त्यसको सम्भावित कारण र दीर्घकालीन असर बारे विश्व समुदायलाई विस्तृत रूपमा जानकारी गराउनुहुनेछ भन्ने मा हामी विश्वस्त छौँ । जलवायु परिवर्तनको असरले हिमालमा हिउँ पग्लँदै छ, हिमतालहरू जोखिममा छन्, बाढी, पहिरो, अतिवृष्टि र अनावृष्टिजस्ता प्राकृतिक विपद्हरू बढ्दै गएका छन् । जलवायु परिवर्तनमा नेपालको योगदान अत्यन्त न्यून भए पनि त्यसको ठुलो मूल्य नेपालले चुकाइरहेको वास्तविकताबारे विश्व समुदायलाई जानकारी दिनुहुनेछ भन्ने आशा राखेका छौँ । हिमालको संरक्षण नेपालका लागि मात्र होइन, सम्पूर्ण मानवजातिका लागि आवश्यक छ । नेपालका नदी, हिमाल र जैविक विविधताको संरक्षण विश्वको साझा जिम्मेवारी हो भन्ने स्पष्ट सन्देश दिनुहुनेछ भन्ने हाम्रो विश्वास छ ।

संयुक्त राष्ट्र सङ्घको यस गरिमामय मञ्चबाट नेपाल सहयोग मात्र माग्न आएको होइन, समानता, न्याय र साझा समृद्धिका लागि सहकार्य गर्न आएको हो भन्ने सन्देशका साथै, नेपाल दया होइन, जलवायु न्याय चाहन्छ; घोषणा होइन, कार्यान्वयन चाहन्छ भन्ने स्पष्ट अडान विश्व समुदायसमक्ष राख्नुहुनेछ भन्ने अपेक्षा हामी सबैले गरेका छौँ । नेपाल सानो देश अवश्य हो, तर हामी शान्ति, मानव अधिकार, समानता र दिगो विकासमा विश्वास गर्ने राष्ट्र हौँ । हामी युद्ध होइन, शान्ति; असमानता होइन, न्याय; विनाश होइन, संरक्षण चाहन्छौँ । यही नै भावी पुस्तालाई हामीले हस्तान्तरण गर्नुपर्ने सुरक्षित, शान्त र समृद्ध विश्व हो भनेर सभाहलमा जोडदार सँग राख्नुहोला ।

प्रधानमन्त्रीज्यू,

संयुक्त राष्ट्र सङ्घको महासभामा तपाईंले जलवायु परिवर्तनका कारण नेपालले भोगिरहेको क्षति र त्यसको न्यायोचित क्षतिपूर्तिको विषय उठाउनुहुनेछ । तर, अन्तर्राष्ट्रिय मञ्चमा नेपालले आफ्नो अधिकार र क्षतिपूर्तिको दाबी राखेपछि नेपालले आफ्नै देशभित्र जोखिम न्यूनीकरण, पूर्वतयारी, जोखिमयुक्त बस्तीको व्यवस्थापन, विकास नीति र सुशासनका क्षेत्रमा आफ्नो जिम्मेवारी कति पूरा गऱ्यो भन्ने प्रश्न पनि स्वाभाविक रूपमा उठ्न सक्छ ।

तपाईं महासभामा सम्बोधन गरेर सभाहलबाट बाहिरिने क्रममा विश्वका सञ्चारकर्मीहरूले तपाईंलाई तल उल्लेखित केही सम्भावित गम्भीर र असहज प्रश्नहरू सोध्न सक्छन् । त्यसको जवाफसमेत तयारी गरेर जानुहोला भन्ने मेरो सुझाव छ । पहिलो प्रश्नः जलवायु परिवर्तनबाट हुने प्रकोपलाई न्यूनीकरण गर्न सकिन्छ, पूर्ण रूपमा रोक्न सकिँदैन । यस्तो अवस्थामा अत्याधुनिक पूर्वसूचना प्रणालीमा मात्र भर परेर नदी-खोलाको किनारमा बस्ती राख्नु सुरक्षित हुन्छ कि नदी-खोलालाई प्राकृतिक रूपमा बग्ने पर्याप्त ठाउँ छोड्नु सुरक्षित हुन्छ ? दोस्रो प्रश्नः प्राकृतिक प्रकोप आउनुअघि पूर्वसूचना दिएर मानव जीवन जोगाउन सकिएला । तर नदी, हिमताल तथा पहिरोको जोखिम क्षेत्रमा पहिले नै निर्माण भइसकेका सडक, पुल, जलविद्युत् आयोजना तथा अन्य भौतिक संरचनालाई कसरी सुरक्षित राख्ने योजना छ ? तेस्रो प्रश्नः हिमताल फुट्न सक्ने सम्भावना र बाढी पहिरोको जोखिम वर्षौंदेखि बहसको विषय बनिरहेको अवस्थामा नदी तथा खोलाका किनारमा रहेका जोखिमयुक्त बस्तीलाई समयमै सुरक्षित स्थानमा व्यवस्थापन गर्न किन सक्नुभएन ? त्यस्ता जोखिमपूर्ण बस्तीहरुलाई सुरक्षित राख्न वा स्थानान्तरण गर्न सरकारले के गरिरहेको छ ? चौथो प्रश्नः एउटै नदी तथा जलाधार क्षेत्रमा धेरै जलविद्युत् आयोजना निर्माण गर्न स्वीकृति दिइनुले जलवायु परिवर्तनका कारण प्राकृतिक विपद्को जोखिमको सम्भावना बढाउन सक्छ वा सक्दैन ? यस्तो विकास नीति कत्तिको सुरक्षित र वैज्ञानिक छ ? पाँचौं प्रश्नः विपद् प्रभावितका लागि राहत तथा पुनर्निर्माणमा विश्व समुदायबाट प्राप्त रकम र सहयोगको उचित सदुपयोग गर्दै ती विस्थापित परिवारहरूको सुरक्षित स्थायी पुनर्स्थापना कहाँ र कसरी गर्ने बारे तपाईंको सरकारले के कस्तो योजना बनाएको छ ?

छैटौं प्रश्नः काठमाडौंको बागमती किनारमा बसोबास गर्ने नागरिकलाई प्राकृतिक विपत्तिको जोखिमबाट जोगाउन गरिएको व्यवस्थापनका क्रममा मानव अधिकार हनन लगायतका आरोप लागे । यस विषयमा तपाईंको सरकारले ठुलो विरोधसमेत खेप्नुपऱ्यो । तपाईंको त्यो निर्णय बारे अहिले तपाईं के भन्न चाहनुहुन्छ ? सातौं प्रश्नः जोखिम न्यूनीकरण र विपद् व्यवस्थापनसम्बन्धी व्यावहारिक शिक्षा विद्यालय तहदेखि नै पाठ्यक्रममा पर्याप्त रूपमा समावेश गरिएको छ कि छैन? यदि छैन भने, भविष्यमा यसलाई पाठ्यक्रममा समावेश गर्न सरकारले के योजना बनाएको छ ? आठौं तथा अन्तिम प्रश्नः प्रधानमन्त्रीज्यू, विकासमा पछाडि परेका प्रदेशका जनता दशकौंदेखि राज्यको समान विकासबाट वञ्चित भएको भन्दै, समय समयमा विकासको अधिकार र त्यसको क्षतिपूर्तिको माग गर्दै आएका छन् । आफ्नै देशका जनताको यो माग पूर्ण रूपमा सम्बोधन गर्न नसकेको अवस्थामा, विकसित मुलुकहरूको विकासका कारण जलवायु परिवर्तनबाट नेपालले भोगेको क्षतिको क्षतिपूर्ति माग गर्नु कत्तिको सान्दर्भिक हुन्छ ? नेपालले अन्तर्राष्ट्रिय मञ्चमा गएर जलवायु परिवर्तनबाट भएको क्षतिको क्षतिपूर्ति माग्ने विषयलाई एउटा सान्दर्भिक कथासँग जोड्न चाहन्छु । एक दिन कुनै राज्यका राजा आफैँ घोडा दौडाउँदै एक्लै एउटा महर्षि ऋषिको आश्रममा दर्शनका लागि पुगे । राजा निकै हतारमा थिए । त्यसैले उनले आश्रम परिसरमा घोडालाई नबाँधी त्यसै छाडिदिए र हतार-हतार ऋषिको दर्शन गर्न अघि बढे ।

अचानक राजालाई आफ्नो अगाडि देखेर महर्षिले सोध्नुभयो, "राजन! अचानक कसरी आगमन भयो? अनि हजुरको घोडा खोइ, कहाँ राख्नुभयो ?" राजाले उत्तर दिए, "गुरुदेव, म अलि हतारमा हतारमा छु । त्यसैले घोडालाई आश्रम परिसरमै छाडेर आएको छु ।" यो सुनेर महर्षिले भन्नुभयो,"राजन! यहाँ वरिपरि अति राम्रा र सुन्दर बगैँचाहरू छन् । घोडाले फुल , बिरुवा नोक्सान गर्न सक्छ । त्यसकारण हजुरले त्यसलाई कतै लगेर राम्ररी बाँधेर आउनु पर्थ्यो !" राजाले सहजै भने, "गुरुदेव! हजुरको यो पवित्र आश्रममा स्वयं हजुर हुनुहुन्छ, ईश्वरको कृपा छ । घोडाले के नै नोक्सान गर्ला र? त्यसैले भगवानले नै सबै रक्षा गर्नुहुनेछ भन्ने भरोसामा घोडा छाडिदिएको हुँ ।" महर्षिले मुस्कुराउँदै दृढ स्वरमा भन्नुभयो, "त्यस्तो होइन



राजन! ईश्वर वा गुरुको भरोसा पछि आउँछ, पहिले आफ्नो कर्म आउँछ । अहिले गएर तुरुन्त घोडालाई सुरक्षित ठाउँमा बाँधिदिनुस् । तपाईंले आफ्नो तर्फबाट गर्नुपर्ने कर्तव्य पूरा गरेपछि मात्र बाँकी काम मेरो र ईश्वरको हो ।" आज जलवायु परिवर्तनको मुद्दामा पनि हामी प्रायः पूर्वतयारी र जोखिम न्यूनीकरणका आफ्ना दायित्व पूरा नगरी विश्व समुदायको सहयोगको मात्र अपेक्षा गरिरहेका छौँ । घोडालाई नबाँधी "भगवान्ले रक्षा गर्छन्" भन्नु र आफ्ना नदी किनारका जोखिमयुक्त बस्तीहरूको व्यवस्थापन नगरी सिधै अन्तर्राष्ट्रिय मञ्चमा क्षतिपूर्ति माग्नु उस्तै-उस्तै हो भन्दा गलत नहोला । त्यसैले, देशभित्रका जोखिमपूर्ण बस्तीहरूको व्यवस्थापन सुरु गरौँ । पूर्वतयारी र जोखिम न्यूनीकरण गर्दै जाऔँ । आफ्नो दायित्व पूरा नगरी क्षतिपूर्ति मागेर मात्र क्षति रोक्न सकिँदैन । पहिले आफ्नो कर्तव्य बारे पूर्णरूपमा जानकार होऔँ र त्यसका निम्ति कामको थालनी गरौँ । त्यसपछि विश्व समुदायसँग जलवायु परिवर्तनका कारण नेपालले भोग्नुपरेको क्षतिको हिसाब-किताब र न्यायोचित क्षतिपूर्ति माग्दा हाम्रो नैतिक धरातल अझ बलियो हुनेछ ।

अन्तमा , प्रधानमन्त्रीज्यू, तपाईंको यो महत्त्वपूर्ण पहिलो अन्तर्राष्ट्रिय भ्रमण सफल रहोस् । संयुक्त राष्ट्र सङ्घको गरिमामय मञ्चमा नेपाल र नेपालीको शिर उच्च राख्दै, देशको हित र नेपाली जनताको आवाज विश्वसमक्ष सशक्त रूपमा प्रस्तुत गरेर फर्किनुहोस् ।

**हार्दिक शुभकामना ।**

साभार : रातोपाटी ।


**"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"**



सम्पर्क -: दिलीप कुमार साह :-
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**

**धनौजी गाउँपालिका कार्यालय**

**धनुषा, मधेश प्रदेश**



## व्यक्तिगत घटना दर्ता गरौं

- घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
- आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
- विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
- नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
- नाता कायम गर्न सजिलो पर्ने ।
- चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
- पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
- जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
- विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
- राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**

**धनुषाधाम नगरपालिका कार्यालय**

**धनुषा, मधेश प्रदेश**



प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम-४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday